# जिल्ला समन्वय समितिको कार्यालय

## डडेल्धुरा

## सुदूरपश्चिम प्रदेश, नेपाल

☎:०९६-४१०१४४
✉:dccdadeldhura7@gmail.com
info@dccdadeldhura.gov.np


प.सं.: २०८२/०८३
च.नं.: १३९

मिति : २०८३।०१।२२

**विषय : आवश्यक सजगिकरण गरि दिने बारे ।**

श्री अमरगढी र परशुराम नगरपालिका, डडेल्धुरा ।

श्री अजयमेरु, आलिताल, गन्यापधुरा, नवदुर्गा र भागेश्वर गाँउपालिका, डडेल्धुरा ।

प्रस्तुत विषयमा जिल्ला समन्वय समिति, डडेल्धुराका जि.स.स. प्रमुख श्री गगन सिंह भण्डारीज्युको अध्यक्षतामा बसेको मिति २०८३ साल वैशाख १० गतेको बोर्ड बैठकबाट **"नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२ चैत्र १३ को बैठकबाट स्वीकृत शासकीय सुधार सम्बन्धी एक सय कार्यसुची बमोजिम यस जिल्लाका ५२ वटै वडा कार्यालयहरुबाट गरिने सेवा प्रबाहको अवस्था लगायत समग्र विकासको सन्तुलन सहित विविध पक्षको जिल्ला समन्वय समितिका पदाधिकारी तथा कर्मचारीहरु सहित संयुक्त अनुगमन गर्ने निर्णय गरियो ।"** भन्ने निर्णय भएकाले तहाँ पालिका अन्तर्गतका यस जिल्ला भित्रका ५२ वटै वडा कार्यालयबाट स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिमको कामकारबाही तथा सेवा प्रवाहको अवस्था सहितको विवरण समावेश गरी एकिकृत प्रतिवेदन तयार गर्ने प्रयोजनका लागि यस जिल्ला समन्वय समितिबाट मिति २०८३।०१।२२ गते देखि अनुगमन हुने भएकाले तहाँ पालिका अन्तरगतका वडा कार्यालयहरुलाई जानकारी गराई दिन हुन अनुरोध छ । साथै यसै पत्रसाथ संलग्न अनुगमन फाराम अनुसारको विवरण तयारी अवस्थामा राख्न लगाइदिनु हुन समेत अनुरोध छ ।

जितेन्द्र प्रसाद ओझा
नि.जिल्ला समन्वय अधिकारी